आज मिति २०८०।०८।२२ गते शुक्रबारको दिन बिहानको ८:०० बजे यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्याल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिलको बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष २ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष ३ | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष ९ | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

# बाणगङ्गा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु ।

**नगर कार्यपालिकाको आ.व.०८०।८१ को छैठौं बैठक २०८०।०८।२२ गतेको**
**प्रस्ताव तथा कार्यसूची**

प्रस्ताव नं. ६.१ अघिल्लो कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा,

प्रस्ताव नं. ६.२ अटोरिक्सा, ई-रिक्सा व्यवस्थापन कार्यविधि, २०७६ संसोधन सम्बन्धमा,

प्रस्ताव नं. ६.३ संस्थागत क्षमता स्व मूल्याङ्कन (LISA) प्रारम्भिक एकिकृत नतिजा छलफल,

प्रस्ताव नं. ६.४ सडकबोर्डको योजना छनोट सम्बन्धमा,

प्रस्ताव नं. ६.५ प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना छनोट सम्बन्धमा,

निर्णय नं. ६.६ बाणगङ्गा मा.वि. गजेहडाको विद्यालय व्यवस्थापन समिति सम्बन्धमा,

प्रस्ताव नं. ६.७ विविध

मिति:२०८०।०८१ बाणगङ्गा नगरपालिका आ.व.०८०।८१ को कार्यपालिका बैठक संख्या:६

**प्रस्ताव नं. ६.१ अघिल्लो कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा,**

**निर्णय नं. ६.१** मिति:२०८०।०६।२४ गते बसेको यस नगर कार्यपालिकाको बैठकका निर्णयहरु अन्तर्गत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका स्वीकृत भई कार्यान्वयनमा रहेको छ । सम्मृद्धिका लागि वन अन्तर्गत आ.व.२०८०।०८१ को कार्यक्रम स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको, घरनक्सा अभिलेखिकरणको सूचना प्रकाशित भई कार्तिक महिना देखि कार्यान्वयनमा आएको । औधोगिक ग्रामको DPR Review सम्बन्धमा परामर्शदातासंग समन्वय भईरहेको । छाडा चौपाया व्यवस्थापन सम्बन्धी समितिको बैठक बसी तयार गरेको कार्यविधि र निर्देशिकाको नम्स कार्यपालिकामा पेश भई स्वीकृति भएकोमा छाडा चौपायाहरुको व्यवस्थापनको लागि नगरपालिकाले पूर्वाधार निर्माण गर्ने तथा हेरालुको व्यवस्थापन गर्न सार्वजनिक सूचना प्रकाशित भएको, नम्स अनुसार तथ्याङ्क संकलनको लागि संकलकहरुको मिति:२०८०।०८।२० गते बुधवारको दिन सञ्चालन गरी आ-आफ्नो वडाहरुमा खटिएका छन । अटोरिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा अध्ययन भईरहेको, नदीजन्य पदार्थ संकलन तथा व्यवस्थापनको लागि Technical Report सम्बन्धमा परामर्श दातासंग समन्वय भईरहेको, घर नम्बरिङ सम्बन्धमा ९५ प्रतिशत घरहरुमा नम्बरिङ गरिसकेको र तिहार विदा पछि लगतै कार्यपालिकामा प्रगति प्रस्तुत गर्न सुझाव दिईएको विषयमा छलफल तथा समिक्षा गरियो ।

**प्रस्ताव नं. ६.२ अटोरिक्सा, ई-रिक्सा व्यवस्थापन कार्यविधि, २०७६ संसोधन सम्बन्धमा,**

**निर्णय नं. ६.२** सबारी साधनको बढ्दो चाप, बदलिँदो समय, ईन्धनको मुल्यवृद्धि लगायत विषयलाई मध्येनजर गर्दै अटोरिक्सा, ई-रिक्सा व्यवस्थापन समितिबाट छलफल भई पेश हुन आएको अटोरिक्सा, ई-रिक्सा व्यवस्थापन कार्यविधि, २०७६ संसोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६.३ संस्थागत क्षमता स्व मूल्याङ्कन (LISA) प्रारम्भिक एकिकृत नतिजा छलफल,**

**निर्णय नं. ६.३** आर्थिक वर्ष २०७९।०८० मा बाणगङ्गा नगर कार्यपालिका तथा अन्तर्गत भएका सेवा प्रवाह, सुशासन तथा व्यवस्थापन सम्बन्धी कार्यहरुको एकीकृत नतिजा छलफल भई निम्नानुसार अंक प्राप्त हुने देखिएकोले पुनरावलोकनको लागि जिल्ला समन्वय समिति कपिलवस्तुमा पेश गर्ने निर्णय गरियो ।

| क्र.स | विषयगत क्षेत्र | अंक भार | प्राप्त अंक |
|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ९ | ९ |
| २ | संगठन तथा प्रशासन | ८ | ७.७५ |
| ३ | बार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ७ |
| ४ | वित्तिय एंव आर्थिक व्यवस्थापन | ११ | ९.२५ |
| ५ | सेवा प्रवाह | १६ | १६ |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ७ |
| ७ | भौतिक पूर्वाधार | १३ | १०.५ |
| ८ | सामाजिक समाबेशीकरण | १० | १० |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ९ | ७.५ |
| १० | सहकार्य र समन्वय | ६ | ६ |
| जम्मा | | १०० | ९० |

**प्रस्ताव नं. ६.४ सडकबोर्डको योजना छनोट सम्बन्धमा,**

**निर्णय नं. ६.४** चालु आर्थिक वर्ष २०८०।०८१ मा विनियोजन भएको सडकबोर्ड तर्फको बजेटबाट निम्नानुसारका योजनाहरु छनोट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सि.नं. | वडा नं. | योजना को नाम | कैफियत |
|---|---|---|---|
| १ | १ र ३ | वैरिया-बठनपुरा-झुंगा सडक (वडा नं. १ र ३ को क्षेत्र समेटिने गरी) | |
| २ | २ | युवराज भुसालको घरदेखि नन्दनगरसम्मको सडक | |
| ३ | ४ | होराईजन चोकदेखि-हरिहरपुर जाने सडक | |
| ४ | ५ र ६ | बुङ्चीदेखि औरहिया सम्म सडक (वडा नं. ५ र ६ को क्षेत्र समेटिने गरी) | |
| ५ | ७ | कोईली बनगाई चोकदेखि मोतिपुर जोड्ने सडक | |
| ६ | ८ | बाणगङ्गा पुलचोक देखि दुर्गामन्दिर जोड्ने सडक | |
| ७ | ९ | देउराली चोकदेखि पूर्व पूर्वी जिनुवा सम्मको सडक | |
| ८ | १० | पटना वडा कार्यालयदेखि प्रगतिनगरसम्मको सडक | |
| ९ | ११ | ओदारी देखि भड्डिहवा सम्म र हथौसा मेलालाग्ने स्थान देखि वडा कार्यालयसम्मको सडक | |

**प्रस्ताव नं. ६.५ प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना छनोट सम्बन्धमा,**

**निर्णय नं. ६.५** प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ विनियोजन बजेटबाट कार्यान्वयन हुने गरी निम्नानुसारका योजनाहरु छनोट गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | योजना/कार्यक्रमहरु | बजेट रु.मा |
|---|---|---|---|
| १ | १ | बैरिया टोलको पक्की कुलो निर्माण | १५०००० |
| २ | | रातो पुलदेखि झण्डा बहादुरको घरसम्म बाटो तथा वाल स्तरउन्नती | २००००० |
| ३ | | बिष्णुको घरदेखि बैरिया चोक सम्म पक्की नाली निर्माण | ३५०००० |
| ४ | २ | सरसफाई (नन्दनगर गुरुकुल र पिपरा वडा कार्यालय परिसरको सरसफाई) र निर्माण सामाग्री खरिद तथा दक्षिण पिपरा पोखरी देखि पश्चिम जाने सडकमा पक्की नाली निर्माण | ५००००० |
| ५ | ३ | राजापानी मूल संरक्षण तथा सौन्दर्यीकरण | ५००००० |
| ६ | ४ | बाणगंगा नगरपालिका वडा नं. ४ अन्तरगत रहेका पोखरीहरु संरक्षण र मूल संरक्षण गर्ने | २००००० |
| ७ | | बाणगंगा नगरपालिका वडा नं. ४ अन्तरगत रहेका सडकहरुको सरसफाई गर्ने | २११००० |
| ८ | ५ | बिभिन्न ठाउँमा बाटो PCC ढलान | ४००००० |
| ९ | ७ | खारखानी सरसफाई तथा रङ्गरोगन | ३५०००० |
| १० | ९ | वडा भित्रको विभिन्न स्थानहरुमा सरसफाई तथा सौन्दर्यीकरण | ५००००० |
| ११ | १० | अहिरौली पुल निर्माण | ४५०००० |
| १२ | ११ | बरवा चोकदेखि पश्चिम तर्फ जोखु थारुको घर सम्म आर.सी.सी ढलान तथा नाली निर्माण | ४००००० |
| १३ | | हथौसा गाउँ भित्र आर.सी.सी ढलान | ४००००० |
| १४ | | १. भक्का बनाउने तालिमको लागिः रू. १,००,०००/- | १००००० |
| | | जम्मा | ४७११००० |

**निर्णय नं. ६.६ बाणगङ्गा मा.वि. गजेहडाको विद्यालय व्यवस्थापन समिति सम्बन्धमा,**

**निर्णय नं. ६.६** बाणगङ्गा मा.वि. गजेडहाको विद्यालय व्यवस्थापन समिति गठन गर्दा कानून बमोजिम प्रकृया नपुराई व्यवस्थापन समिति गठन भएको देखिएकोले बाणगङ्गा नगर शिक्षा समितिबाट समेत प्रकृया मिलाएर पुनः समिति गठन गरी पेश गर्न निर्देशन दिने भनि निर्णय भएकोले सो अनुसार उक्त समिति स्वतः बदर हुने भएकोले मितिः२०८०।०८।३० गते भित्र पुनः व्यवस्थापन समिति गठन गरी यस कार्यालयमा जानकारी दिने गरी निर्देशन गर्ने निर्णय गरियो ।

CamScanner

**प्रस्ताव नं. ६.७ विविध**

**निर्णय नं. ६.७.१** नेपाल विद्यालय कर्मचारी परिषद् नगर कार्यसमिति कपिलवस्तुलाई संस्थागत सहयोग शीर्षकबाट रु.१० हजार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६.७.२** कार्यपालिकाबाट स्वीकृत वार्षिक कार्यतालिका बमोजिम कार्य सम्पादन भए नभएको विषयमा प्रमुख प्रशासकीय अधिकृत र नगरप्रमुख समक्ष सबै शाखा प्रमुखहरुले रिपोर्टिङ गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६.७.३** भवन निर्माण सम्बन्धी मापदण्डको व्यवास्ता गरी नगरपालिका क्षेत्रभित्र भवन निर्माण हुने कार्यलाई नियन्त्रण गर्न नगर प्रहरीहरु परिचालन गर्ने र घरनक्सा पास सम्बन्धी सबै जनप्रतिनिधिहरुलाई अनुशिक्षण कार्यक्रम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६.७.४** नगरको गौरवको आयोजनाको रुपमा रहेको बसपार्कको IEE हालसम्म सम्पन्न नभएका कारण निर्माण कार्य अगाडी बढाउन नसकिएकोले यथाशिघ्र IEE का सबै प्रकृया पुरा गर्न सम्बन्धित परामर्शदातालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६.७.५** सुरक्षित नागरिक आवाश कार्यक्रम अन्तर्गत आवाश निर्माणको लागि विभिन्न वडाका गरीव घरपरिवारहरुलाई प्राथमिकताको आधारमा प्रथम किस्ता वापत रकम भुक्तानी भई सकेको र अन्तिम किस्ता वापत भुक्तानी दिनुपर्ने रकम एकिन गरी निर्माण कार्यको अनुगमन समेत गरी यथार्थ विवरण १ हप्ता भित्र पेश गर्न सम्बन्धित शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६.७.६** यस कार्यालयको रिक्त दरबन्दीमा रहेका प्राविधिक कर्मचारीहरुको पदपूर्तीको लागि प्रदेश लोकसेवा आयोग बुटवलमा पठाईएको मा स्थायी पदपूर्ती नहुँदासम्मको लागि २०८१ असार मसान्तसम्म काम गर्ने गरी प्रदेश लोकसेवा आयोगको अस्थायी सूचीबाट सेवा करारमा कामकाजमा लगाउने गरी सब ईन्जिनियर ३ जना प्रदेश लोकसेवा आयोगमा माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६.७.७** आ.व. ०८०।८१ को प्रथम चौमासिकसम्म यस कार्यालयबाट हुने सेवाप्रवाह, पूर्वाधार एवम् विकास निर्माणका कार्यहरु सम्बन्धी नागरिकहरुबाट भएका गुनासोहरु एवम् प्राप्त सुझावहरुको बारेमा यस कार्यालयको कार्यपालिकामा व्यापक छलफल भएको र उक्त गुनासो एवम् सुझावहरुलाई क्रमशः सम्बोधन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ६.७.८** बाणगङ्गा नगरपालिका भित्र संचालन हुने अटो रिक्सा, ई-रिक्साको रुट परमिट प्रयोजनार्थ लिईने राजस्व आगामी आर्थिक ऐनमा समावेश गर्ने हाललाई निम्नानुसार राजस्व कायम गर्ने ।

| सि.नं. | विवरण | | राजस्व शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | अटोरिक्सा | दर्ता | ४००० | |
| | | नविकरण | २००० | |
| २ | ई-रिक्सा | दर्ता | ३००० | |
| | | नविकरण | १५०० | |